दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - २ संख्या - २ मितिः २०७५।०४।०७

**भाग - १**

दुहुँ गाउँपालिकाको विनियोजन ऐन,२०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।०३।३१ |

# दुहुँ गाउँपालिकाको विनियोजन ऐन, २०७५

Duhun Rural Municipality

**दुहुँ गाउँपालिकाको आीर्थक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन ।**

सभाबाट स्वीकृत मिति :
२०७५।०३।३१

**प्रस्तावना :** गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१) यस ऐनको नाम : दुहुँ गाउँपालिकाको विनियोजन ऐन, २०७५ रहेको छ ।

२) यो ऐन गाउँ सभाले पारित गरेको दिन देखि तुरन्त लागु हुनेछ ।

## २। आर्थिक वर्ष २०७५/७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुजीगत खर्च र वित्तीय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२५,५६,८४,००० अक्षरेपी रु.पच्चीस करोड छपन्न लाख चौरासी हजार मात्र नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोष बाट खर्च गर्न सकिने छ ।

**३) बिनियोजन**

१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त दुहुँ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

२) उपदफा (१) मा जुनसुकैं कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुजीगत खर्च र वित्तीय ब्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी, खर्च र ब्याज भुक्तानी शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ

Duhun Rural Municipality

सार्न र वित्तीय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोतबाट अन्य स्रोतमा रकम सार्न सकिने छ ।

३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ ।

अनुसूची-१

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोषबाट विनियोजन हुने रकम

| **क.सं.** | **अनुदान संख्या** | **शिर्षकको नाम** | **चालु खर्च** | **पुजीगत खर्च** | **वित्तीय ब्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका | ६,०२,२०,००० (छ करोड दुई लाख बिस हजार मात्र) | ७,५२,६४,००० (सात करोड बाउन्न लाख चौसठ्ठी हजार मात्र ) | | १३,५४,८४,००० (तेह्र करोड चौउन्न लाख चौरासी हजार मात्र ) |
| २ | | वडा समिति | ० | २,८७,००,००० (दुई करोड सतासी लाख मात्र ) | | २,८७,००,००० (दुई करोड सतासी लाख मात्र ) |
| ३ | | विषयगत शाखा | ८,१५,०६,००० (आठ करोड पन्ध्र लाख छ हजार मात्र ) | ९९,९४,००० (उनान्सय लाख चौरानब्बे हजार मात्र ) | | ९,१५,००,००० (नौ करोड पन्ध्र लाख मात्र ) |
| ४ | | ऋणको साँवा भुक्तनी | | | | |
| ५ | | लगानी शेयर/ऋण | | | | |
| **जम्मा** | | | १४,१७,२६,००० | ११,३९,५८,००० | | २५,५६,८४,००० |

Duhun Rural Municipality

आज्ञाले,

अमर महरा

प्रमुख प्रशासकीय अधिकृत

Duhun Rural Municipality